# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित

## निर्वाचन आयोगको
## सूचना

संवत् २०६४ साल चैत्र २८ गते सम्पन्न संविधान सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत नेपाली काँग्रेस राजनैतिक दलको तर्फबाट संविधान सभा सदस्यमा निर्वाचित संविधान सभा सदस्य श्री बोध नारायण सरदारको मृत्यु भई रिक्त हुन आएको संविधान सभा सदस्य पदपूर्ति गर्ने सन्दर्भमा संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ८ को उपदफा (१) बमोजिम उक्त दलले मिति २०६४ साल फागुन ८ मा यस आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचिको क्रमसंख्या ३२ मा उल्लिखित विवरण रहेको उम्मेदवारलाई सोही ऐनको दफा ७ को उपदफा (३) बमोजिम नेपाली काँग्रेसको केन्द्रीय कार्य समितिको मिति २०६६/१/२१ को निर्णयानुसार समानुपातिक निर्वाचन प्रणाली तर्फको संविधान सभा सदस्य पदको लागि छनौट गरी पठाएकोले संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ८ को उपदफा (२) को प्रयोजनको लागि यो नामावली प्रकाशन गरेको छ ।

| राजनैतिक दल | निर्वाचित सदस्यको नामथर | लिङ्ग | समूह पहिचान | ठेगाना |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | बीरेन्द्र माझी | पू. | मधेशी जनजाति | मोरङ्ग, हात्तिमुडा-९ |

आज्ञाले,

सुशील जंग बहादुर राणा
सचिव